नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल

सूचना.नं. ५३-२०८२/०८३

## अनुदानको डि.ए.पी. र युरिया मलको कोटा तोकिएको सम्बन्धी सूचना

(प्रकाशित मिति २०८२/०९/०१ गते)

प्रस्तुत विषयमा कृषि सामाग्री कम्पनी लिमिटेड, शाखा कार्यालय, त्रिशुलीको प.सं. २०८२/८३, च. नं. ६३ मिति २०८२/०८/१७ गतेको पत्रमा प्राप्त भएको रासायनिक मलखाद डि.ए.पी. १० मे.टन. (२०० बोरा) र युरिया १० मे.टन. (२०० बोरा) अनुदानको मलको कोटा नौकुण्ड गाउँपालिकाको स्थानीय तह रासायनिक मल वितरण व्यवस्थापन समितिको मिति २०८२/०९/०१ गतेको बैठकको निर्णयानुसार यस गाउँपालिकामा सूचीकृत भएका तपसिलका सहकारी तथा संस्थाहरूलाई वितरण गरिएको र उक्त मलको कृषि विकास शाखाबाट सिफारिस पत्र बुझी सूचना प्रकाशन मितिले १५ दिन भित्र खरिद गरी तोकिएको कार्यक्षेत्रमा तोकिएको दररेटमा विक्री गरेर विक्री वितरणको कारोबार विवरण तोकिएको ढाँचामा स्टक प्रमाणित गर्नुहुन अनुरोध छ । १५ दिनभित्र तोकिएको उक्त कोटाको मल नल्याउने सम्बन्धित विक्रेताको कोटाको मल अन्य सहकारीहरूलाई वितरण गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै, मलखाद प्राप्त गरिसकेपछि सम्बन्धित संस्था र वडा कार्यालयबाट मिति, समय र स्थान खुल्ने गरी मलखादको विवरणको सूचना प्रकाशन गर्ने र अनिवार्य रुपमा बील/बिजक र तोकिएको मूल्य अनुसार निर्धारित भरपाई जारी गरी मलखाद विक्री वितरण गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | अनुदानको मल विक्रेता सहकारीको नाम | कार्यक्षेत्र | युरिया (बोरा) | डि.ए.पी. (बोरा) |
|---|---|---|---|---|
| १. | श्री नव समृद्धि कृषि सहकारी संस्था लिमिटेड | नौकुण्ड- १ | ६५ | - |
| २. | श्री नमुना साना किसान कृषि सहकारी संस्था लिमिटेड | नौकुण्ड- ३ र ४ | ६५ | - |
| ३. | श्री सुर्य कृषि सहकारी संस्था लिमिटेड | नौकुण्ड- ५ र ६ | ७० | २०० |
| **जम्मा** | | | २०० | २०० |

प्रमुख प्रशासकीय अधिकृत



९८५१४३०२३३ info@naukundamun.gov.np https://naukundamun.gov.np/